# धनकौल गाउँपालिका

# गाउँ कार्यापालिकाको कार्यालय

धनकौल, प. सर्लाही

मधेश प्रदेश, नेपाल

**आ.व.२०८०।०८१ का लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि सिलबन्दी बोलपत्रको सुचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०८/२८**

धनकौल गाउँपालकाले आ.व.२०८०/०८१ मा आन्तरिक आय संकलनको लागि मिति २०८०/०७/१३ गतेका दिन सुचना प्रकाशन गरेकोमा तपसिलको ठेक्काको लागि दुई भन्दा कम र कुनै ठेक्कामा कुनै पनि शिलबन्दी पत्र प्राप्त हुन नआएकोले पुनः दोस्रो पटक सचना प्रकाशन गर्ने भनि यस धनकौल गाउँपालिकामा मिति २०८०/०८/२६ गते बसेको कार्यापालिकाको बैठकले निर्णय गरे बमोजिम ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म, कम्पनी वा व्यक्तिहरुबाट देहाय बमोजिमको शर्तको अधिनमा रही आफ्नो फर्म ईजाजतपत्र नवीकरण भएको प्रमाणपत्र ,कर चुक्ताको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणको प्रतिलिपि सहितको लिखित निवेदनका साथ तोकिएको दस्तुरमा दरभाउपत्र फारम यस कार्यालयबाट सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र खरिद गरि रित पूर्वक गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिलः-

| ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम कबोल अंक | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १-०८०/०८१ | सेखौना छटी घाट ड्रेन, कुन्डी तथा सिसौटिया सिमाना सम्म माछा मार्ने | रु.४५,०००।- | रु.५०० | |
| ४-०८०/०८१ | हरकठवा हनुमान चौक बजार | रु.१,०५,०००।- | रु.५०० | |
| ५-०८०-०८१ | धनकौल प. बजार | रु.५०,००० | रु.५०० | |
| ८-०८०/०८१ | धोविघाट कुण्डीमा माछा मार्ने | रु.७०००।- | रु.५०० | |
| ९-०८०/०८१ | माओवादी सडक देखि सिसौटको सिमाना सम्मको ड्रेनमा माछा मार्ने | रु.७०००।- | रु.५०० | |
| १०-०८०/०८१ | बाग्मति नदीमा माछा मार्ने (मानपुरको सिमाना देखि रामनगरको सिमाना सम्म) | रु.१५,०००।- | रु.५०० | |

शर्तहरुः-

१.ठेक्का मान्य हुने अवधिः- २०८१ असाढ मसान्त सम्मको हुनेछ ।

२. बोलपत्र मिति २०८०/०८/२८ देखि मिति २०८०/०९/०४ गते सम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

३. शिलबन्दी खाम बाहिर विवरण प्रष्ट खुलाई मिति २०८०/०९/०५ गते मध्यान्ह १२.०० बजे सम्म बोलपत्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा मिति

२०८०/०९/०५ गतेका दिन दिउँसो २.०० बजे धनकौल गाउँपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन हुनेछ।

५.दरभाउपत्र दाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट भाषामा उल्लेख गर्नुपर्छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

६. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्काको रकम एकमुषठ बुझएमा दश प्रतिशतले हुन आउने रकम छुट दिईने छ ।

७. ठेक्का वापत नियमानुसार नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने सबै प्रकारका कर ठेकेदार स्वंयमले बुझाउनु पर्नेछ।

८. ठेक्का हुने क्षेत्रः- माछा मार्नको लागि सुचनामा तोकिएको क्षेत्र र बजारको हकमा भने साविक देखि बजार लाग्दै आएको क्षेत्र हुनेछ ।

९. ठेक्का सकार गरेको कबोल अंकको पाँच प्रतिशत रकम तत्काल नगद धरौटी राख्नु पर्नेछ। सबै भन्दा बढी कबोल गरेको ३ जनाको धरौटी ठेक्का चलान पुर्जी लिसके पछी फिर्ता हुने छ। अन्यको हकमा भने भोलि पल्ट फर्ता हुनेछ।

१०.ठेक्का कबोल गरेको अंक रकम सात दिन भित्र यस धनकौल गाउँपालिकाको हिमालयन बैंकमा रहेको धनकौल ग-१-१ आन्तरिक राजश्व खाता नं. २६९५१८७३१९००७८ मा जम्मा गर्नुपर्ने छ। यदि कुनै कारणवस बैंक बन्द भएमा सोको भोलिपल्ट बैंक खुल्न साथ एकमुष्ठ रकम दाखिला गरि सक्कलै दाखिला भौचर सहित कार्यालयमा चलान पूर्जी लिन आउनुपर्ने छ ।

११. ठेक्का कवोल गरेको रकम मध्येबाट बन्दी, अन्य कुनै कारण देखाई मिन्हा मागँ गर्न तथा कार्यालय सो मिन्हा गर्न बाध्य हुने छैन ।

१२. ठेक्का सम्बन्धि कुनै सम्स्या उत्पन्न भएमा ठेकेदार र गा.पा. बिच समन्वय गरी समाधान गरिनेछ। यदि समाधान हुन नसक्ने अवस्था सिर्जना भएमा गाउँपालिका कार्यालयको अन्तिम निर्णय हुनेछ ।

१३.बानगी उठाउन पाउने छैन ।

१४. वातावरणमा असर पर्ने गरी उत्खन्न तथा विक्री वितरण गर्न पाईने छैन ।

१४.यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा भने प्रचलित कानुन अनुसार हुनेछ ।

........२०८०।०८।२८

( कृष्ण मोहन प्रसाद साह )

नि. प्रमुख प्रशासकिय अधिकृत